# राप्ती सोनारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**अगैया, बाँके**

**लुम्बिनी प्रदेश, नेपाल**

## स्वास्थ्य सम्बन्धी औषधी तथा औषधीजन्य सामग्रीहरु खरिद कार्यको दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति ०२/०५/२०८२**

**दरभाउपत्र सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा राप्ती सोनारी गाउँपालिका अन्तर्गतको स्वास्थ्य संस्थाहरूको लागि औषधी तथा औषधीजन्य सामग्रीहरु खरिद कार्य दरभाउपत्रको माध्यमबाट ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सम्बन्धित कार्यसँग मिल्दो उद्देश्य तथा कारोबार सम्बन्धी इजाजत प्राप्त इच्छुक उत्पादक कम्पनी र सप्लायर्स फर्महरूबाट निम्न शर्तहरुको अधिनमा रही दरभाउ पत्र आह्वान गरिएको छ ।

**शर्तहरू**

१. यो सूचना राप्ती सोनारी गाउँपालिकाको वेबसाईट तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको ई-बिडिंग प्रकियामा प्रथम पटक प्रकाशित भएको मितिले १(एक) महिना भित्र र सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट सम्म उक्त कार्यका लागि रु.३०००।- (तीन हजार मात्र) बोलपत्र फारम दस्तुर बापत हिमालयन बैंक लिमिटेड शाखा कार्यालय शम्शेरगंजमा रहेकोयस कार्यालयको खाता नं.०५२०७५४०५१००२४ मा राजश्व शीर्षक नं. १४३४९ मा नगद जम्मा गरेको (पछि फिर्ता नहुने गरि) दस्तुर दाखिला गरेको नगदी रसिद, अध्यावधिक नबिकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, मु.अ.क.मा दर्ता भएको स्थायी लेखा नं.(PAN)दर्ता प्रमाणपत्र र सम्बन्धित आन्तरिक राजश्व कार्यालयको आ.व.०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्र सहितका आवश्यक कागजातहरू संलग्न राखी यस पालिकाको वेबसाइटमा उपलब्ध फारम सोझै डाउनलोड गरि पेश गर्न सकिने छ ।

२) www.bolpatra.gov.np/egp यस कार्यालयको वेबसाइट www.raptisonarimun.gov.np. मा अनलाईन दरभाउ पत्र उपलब्ध रहेको छ ।

३) खरिद भएको दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिनको दिउँसो १२.०० बजे भित्र र सो दिन बिदा परे मा सोको भोलिपल्ट सोहि समय भित्र सम्बन्धित कम्पनि फर्म वा सप्लायर्सको आधिकारिक व्यक्तिले स्पष्टसंग भरि दस्तखत गरी कम्पनि वा फर्मको छाप लगाई शिलबन्दी गरी यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । रित पुर्बक दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरू सोहि दिनको २.०० बजे देखि दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पुग्ने छैन ।

४) दरभाउपत्र साथ तपशिलमा उल्लेखित कागजातहरू अनिवार्य रुपमा पेश गर्नु पर्ने छ, अन्यथा दरभाउपत्र मुल्यांकन सम्बन्धि कुनै पनि कार्बाही गरिने छैन ।

- क) आफु खरिद कार्यवाहिको लागि अयोग्य नभएको र कालो सूचिमा नपरेको स्व-घोषणापत्र ।
- ख) स्वास्थ्य सम्बन्धि औषधी तथा औषधीजन्य सामग्री खरिदकर्ताको नाममा जारि गरिएको सक्कल Manufacturer's Authority Letter ।
- ग) सप्लाई गरिने औषधी उत्पादक कम्पनीहरूको WHO–GMP प्रमाणपत्र ।

५) दरभाउपत्र साथ धरौटी बापतको तपशिलमा उल्लेखित रकम राप्तिसोनारी गाउँपालिका बाँकेको हिमालय बैंक लिमिटेड शम्शेर गंज शाखामा रहेको धरौटी खाता हि.न. ०५२०७५४०५१००१४ मा जम्मा गरेको सक्कल बैकं भौचर नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त नेपाल भित्रको कुनै पनि बैंकले यस कार्यालयको पक्षमा जारि गरेको दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति देखि गणना हुने गरि कम्तिमा १२० दिन म्याद भएको शर्त सहित बैंक ग्यारेन्टी (BID–BUND) पेश गर्नु पर्ने छ ।

६) दरभाउपत्र फारममा उल्लेखित परिमाण आवश्यकता अनुसार थप घट गर्नु परेमा दरभाउपत्रदाताले स्वीकार गर्नु पर्ने छ ।

७) दरभाउपत्र फारम भर्दा ठेक्काका शर्तहरु पूर्णत: अध्ययन गरि स्पस्टसंग भर्नु पर्ने छ ।

८) दरभाउपत्र मुल्यांकन तथा स्वीकृतिको निर्णय न्युनतम मुल्य र दरभाउपत्रको प्राबिधिक पक्ष समेतका आधारमा गरिनेछ ।

९) दरभाउपत्र फारममा मु.अ.क.बाहेकको दर रेट अंक र अक्षरमा दुबैमा स्पष्ठ रूपमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ । केरमेट वा थप घट गर्नु पर्ने भएमा केरमेट वा थप घट गरिएको ठाउँमा आधिकारिक व्यक्तिको हस्ताक्षर हुनु पर्ने छ । म्याद नाघी आएको वा रित नपुगी पर्न आएको दरभाउपत्र उपर कुनै कार्बाही गरिने छैन ।

१०) दरभाउपत्र स्वीकृत भए पछि सम्झौता गर्न आउदा कबोल अंकको नियमानुसार हुन आउने रकम बराबरको बैंक जमानत (Performance Bund) वा नगद धरौटी माथि उल्लेखित खातामा दाखिला गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्ने छ

११) यस सूचनामा नपरेका अन्य कुराहरूको हकमा दरभाउपत्र सम्बन्धि कागजातहरू, सार्बजनिक खरिद ऐन २०६३, नियमावली २०६४ (संसोधन सहित), राप्ती सोनारी गा.पा. खरिद नियमावली २०८०, तथा अन्य प्रचलित ऐन नियमानुसार हुनेछ । साथै थप कुराहरु बुझ्न आबश्यक परेमा यस कार्यालयमा वा फो.न.९८५८०५५५१६ मा सम्पर्क गरी बुझ्न सकिने छ ।

**दरभाउपत्र सम्बन्धि विवरण**

| सि.न | ठेक्का न. | कामको विवरण | लागत अनुमान (मु.अ.कर.बाहेक) | धरौटी बापतको रकम रु. |
|---|---|---|---|---|
| १ | RSRM/GOODS/२०८२/०८३/०१ (दरभाउ पत्र) | स्वास्थ्य सम्बन्धी औषधी तथा औषधीजन्य सामग्रीहरु खरिद कार्य | | १,५४,०००।- |
| २ | RSRM/GOODS/२०८२/०८३/०२ (शिलबन्दी दरभाउ पत्र) | न्यानो झोला खरिद कार्य | | १५,०००।- |

**कार्यार्थ: सुचना प्रबिधि शाखा वेवसाइटमा अपलोड गरिदिनुहुन ।**